सुखीपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखीपुर, सिरहा
मधेश प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ८ संख्या : २ भाग २ मिति २०८१/६/१५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सुखीपुर नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

**विषय सूचीः**


| क.सं. | विवरण | पाना नं. |
|---|---|---|
| १. | चिकित्सक तथा स्वास्थ्यकर्मी करारमा भर्ना सम्बन्धी कार्यविधि, २०८१ | १२ |

सुखीपुर नगरपालिकाले उपलब्ध गराउने अत्यावाश्यक स्वास्थ्य सेवा प्रवाह व्यवस्थित र प्रभावकारी बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको नमूना कानून बमोजिम स्वास्थ्य क्षेत्रमा स्वास्थ्यकर्मी र चिकित्सक कर्मचारीको लागि नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना बमोजिम स्वास्थ्य क्षेत्रमा रहेको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि सुखीपुर नगर कार्यपालिकाले मिति २०८१/०६/१५ मा यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम:सुखीपुर नगरपालिकामा चिकित्सक तथा स्वास्थ्यकर्मी करारमा भर्ना सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

ख. यो कार्यविधि प्रमाणीकरण भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "प्रमुख" भन्नाले सुखीपुर नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले "सुखीपुर नगरपालिकामा करारमा स्वास्थ्य सेवाका प्राविधिक कर्मचारी र चिकित्सक समेत व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ " सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले सुखीपुर नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ "प्राविधिक कर्मचारी र चिकित्सक " भन्नाले दफा ३(२) बमोजिम स्वास्थ्य सेवामा प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका प्राविधिक कर्मचारी चिकित्सक सम्झनु पर्दछ ।

च. "पदपूर्ति समिति" भन्नाले सुखीपुर नगरपालिकाबाट स्वास्थ्य सेवामा प्राविधिक जनशक्ति ( मेडीकल अफिसर , चिकित्सक समेत ) पदपूर्ति गर्नका लागि दफा (६ ) मा उल्लेख भएको कर्मचारी लाई सम्झनु पर्दछ ।

छ. "विषय बिज्ञ" भन्नाले सम्बन्धित पदको लागि कर्मचारी छनौट गर्नको सम्बन्धित विषय अध्ययन गरेको सरकारी कर्मचारी , स्वास्थ्यकर्मी , चिकित्सक , क्याम्पसमा अध्यापनरत सम्बन्धित विषयको उप- प्राध्यापक वा सो सरहका कर्मचारी समेतलाई जनाउनेछ ।

च. "अन्तर्वार्ता तथा सिफारिस समिति " भन्नाले दफा ५ बमोजिम अन्तवार्ता तथा सिफारिस समिति सम्झनु पर्दछ ।

छ . "कार्यपालिका"भन्नाले सुखीपुर नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः (१)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को

दफा ८३ को उपदफा (७) र अन्य संघीय र प्रदेश मन्त्रालयका कार्यविधि तथा परि पत्रहरू, स्थानीय कानून बमोजिम सुखीपुर नगरपालिका भित्र स्वास्थ्य सेवामा अत्यावाश्यक स्वास्थ्य सेवा तथा सुबिधाको व्यवस्थापन गर्नको लागि स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारी सहित स्वास्थ्य सेवामा रहने सहयोगी समेत करारमा पदपूर्ति गर्ने प्रयोजनको लागि योकार्यविधिस्वीकृतगरीलागू गरिएको छ ।

(२) कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः

(क) कन्सल्टेन्ट फिजिसियन (Internal Medicine)
(ख) मेडिकल अधिकृत
(ग) हेल्थ असिस्टेन्ट
(घ) रेडियो ग्राफर
(ङ) स्टाफ नर्स
(च.) अ.न.मी
(छ) अन्य स्वास्थ्य सेवा संग सम्बन्धित कुनै आवश्यकप्राविधिक पदहरू।
(ज.) सहयोगी स्तरका कर्मचारीहरू

४. छनौट सम्बन्धी व्यवस्थाः दफा ३ बमोजिमका प्राविधिक कर्मचारी कार्यालयले सेवा करारमा प्रयोजनको लागि छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) प्राविधिक कर्मचारीको अनुसूचि-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिमपद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचना पाटी, वेवसाईट, राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) आवेदन फाराम को नमूना अनुसूची-१ बमोजिम हुनेछ । आवेदन दस्तुर सुखीपुर नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

५. सेवा करार पदमा छनौट गर्दा अवलम्बन गर्ने परीक्षा विधि :

५.१ लिखित, अन्तर्वार्ता र आवश्यक भएमा प्रयोगात्मक समेत हुनेछ। सेवा करारका परीक्षाको पाठ्यक्रम नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ यी मध्ये नगरपालिकाले देहाय बमोजिमको कुनै एउटा विधि अवलम्बन गर्न सक्नेछ ।

क. सम्बन्धित स्वास्थ्य क्षेत्रका प्राविधिक पदको परीक्षाको पाठ्यक्रम मधेश प्रदेश लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

ख. स्वास्थ्य क्षेत्रको चिकित्सक वा मेडीकल अधिकृत तत्कालै पदपूर्ति गरि स्वास्थ्य सेवालाई निरन्तर गर्नुपरेमा मधेश प्रदेश स्वास्थ्य मन्त्रालयले मापदण्ड जारी गर `को भए सोही बमोजिम वा कुनै पनि प्रदेशका स्वास्थ्य सेवा हेर्ने मन्त्रालयले सेवा करार गर्दा अपनाएको मापदण्डलाई अवलम्बन गरि परीक्षा संचालन विधि छनौट गर्न सकिनेछ



६. पदपूर्ति समितिः सुखीपुर नगरपालिकामा सेवा करारमा स्वास्थ्य क्षेत्रको प्राविधिक कर्मचारी पदपूर्ति गर्ने प्रयोजनको लागि नगर कार्यपालिकाको बैठकको निर्णयको आधारमा देहाय बमोजिम कम्तीमा तीन सदस्यीय पदपूर्ति समिति गठन गर्न सक्नेछ। पदपूर्ति समितिले परीक्षा संचालन र छनौट गर्दा अपनाईने प्रक्रिया पदपूर्ति समितिको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत वा कम्तीमा तोकिएको अधिकृत स्तरको कर्मचारी-संयोजक
ख. नगरपालिकाको कम्तीमा अधिकृत स्तरको प्रशासन शाखा -प्रमुख-सदस्य
ग. नगरपालिकाको प्रशासन शाखा हेर्ने अधिकृत वा कुनै कर्मचारी -सदस्य सचिव

६.१ पदपूर्ति समितिको संख्या प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. विज्ञ छनौट : स्वास्थ्य क्षेत्रमा जनशक्ति करारमा व्यवस्थापन गर्नको लागि विज्ञ छनौट, परीक्षा संचालन गर्ने स्वायत्त अधिकार पदपूर्ति समितिलाई हुनेछ ।

८. प्रश्नपत्र निर्माण र परीक्षण : स्वास्थ्य क्षेत्रमा जनशक्ति करारमा व्यवस्थापन गर्नको लागि प्रश्नपत्र निर्माण गराउनु पर्ने भए गोप्य रूपमा विषयविज्ञ मार्फत माग गर्नु पर्नेछ । यसरी माग गरिएका प्रश्नपत्रहरू र उत्तरकुन्जिका पदपूर्ति समितिको बैठकले निर्धारण गरे बमोजिम आफ्नो गोप्य इमेलबाट समेत माग गर्न सक्नेछ प्राप्त प्रश्नपत्र तथा उत्तरकुन्जिका गोप्यरूपमा परिमार्जन गरी आवश्यक संख्यामा छपाई गरि समितिको रोहवरमा सिलबन्दी गर्नुपर्नेछ। वस्तुगत उत्तरपुस्तिका परीक्षण गर्न प्राप्त उत्तर कुन्जिकाको आधारमा पदपूर्ति समितिलाई परीक्षण गरी लिखित नतिजा प्रकाशन गर्न कुनै बाधा पर्ने छैन तर विषयगत परीक्षा हुनेको हकमा सम्बन्धित विषय विज्ञवाट मात्र उत्तरपुस्तिका परीक्षण गराउनु पर्नेछ ।

९. अन्तर्वार्ता समितिः माग पद संख्याका आधारमा माग पद संख्याको लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरूको अन्तर्वार्ता लिई सिफारिस गर्न अन्तर्वार्ता समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत वा पदपूर्ति समितिको संयोजक वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी-संयोजक
(ख) पदपूर्ति समितिले छनौट गरेको सम्बन्धित विषयको कम्तीमा एकजना बिज्ञ -सदस्य
(ग) कर्मचारी प्रशासन शाखाको अधिकृत स्तरको कर्मचारी - सदस्य
(घ.) विषयगत शाखा प्रमुख -सदस्य

९.१ अन्तरवार्ता समितिमा विषयगत (स्वास्थ्य) शाखा प्रमुख पदपूर्ति समितिको संयोजक भएमा विषयगत शाखा प्रमुखलाई अन्तरवार्ता समितिमा आमन्त्रण गर्नु पर्ने छैन ।

१०. नतिजा प्रकाशन : दफा ५ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुसंग लिईएको परीक्षाहरूवाट प्राप्त एकमुष्ठ अंक जोडी सेवा करारको लागि उम्मेदवार सिफारिस गरिनेछ । सिफारिस गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको

सूची नगरपालिकाको वेव साइट सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ तर सिफारिस नै कम संख्या भएको अवस्थामा कम उम्मेदवार सिफारिस गर्न सकिनेछ ।

११. करार गर्ने: (१) पदपूर्ति समितिले सिफारिस मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची - १ बमोजिमको कार्य-विवरण सहित अनुसूची -४ बमोजिमको ढाँचामा करार गर्नु पर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची -५ बमोजिको पत्र कार्यालयले स्वास्थ्य सेवाको प्राविधिक कर्मचारीलाई दिनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार मसान्तसम्मका लागि मात्र करार गर्नुपर्नेछ। तर उक्त पदले गर्नु पर्ने काम समाप्त भएमा वा सन्तोषजनक नभएमा स्थानीयतहले कामको बोझ र अवधी हेरी सेवा करारको अवधी घटाउन सक्नेछ साथै संघीय सरकार र प्रदेश सरकारले आवश्यक परिपत्र गरेमा, स्थायी पदपूर्ति गरि पठाएमा नगरपालिकाले करार भंग गर्नेछ , सेवा करारमा रहेका कर्मचारीको आवश्यकता नगर पालिकालाई भएमा सेवा करारको अवधि बढाउन सक्नेछ ।

(६ ) प्राविधिक कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराई करार अन्त्य गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

१२. कार्य शर्त, पारिश्रमिक र अवधि : (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका प्राविधिक कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमान बढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता, फिल्ड भत्ता , खाजा भत्ता , जोखिम भत्ता र आवश्यकता हेरी अन्य भत्ता उपलब्ध गराउन सकिनेछ तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता, खाजा भत्ता , जोखिम भत्ता र आवश्यकता हेरी अन्य भत्ता उपलब्ध गराउन सकिने छैन ।

(३) कार्यालयले करारका प्राविधिक कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिना भरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।



(४) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नु पर्नेछ । तर त्यस्तोकरारकोअवधी बढीमा एकपटकमा१ (एक) आर्थिक वर्ष भन्दा बढी हुने छैन ।

१३. करार समाप्ती: (१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा नगरपालिकाले गरेको निर्णयको आधारमा,प्रचलित कानून बमोजिम दरवन्दी सहित कर्मचारी समायोजन भई खटिई , लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भई आएमा त्यस्तो व्यक्तिको सेवा करार स्वतः अन्त्य हुनेछ ।

(२) करार सम्झौता गरिएको स्वास्थ्य सेवाका प्राविधिक कर्मचारीको कार्य सन्तोष जनक नभएको भनि स्वास्थ्य शाखा वा कार्यालयले सिफारिश गरेमा नगर कार्यपालिकाले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै समय र अवस्थामा करारबाट हटाउन सकिनेछ ।

१४. विविधः यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

१५. बचाउ :यो कार्यविधि सुखीपुर नगरपालिका भित्र स्वास्थ्य क्षेत्रमा प्राविधिक जनशक्ति करारमा लिने प्रयोजनको लागि मात्र बनाईएको छ यस अगावै यस नगपालिकामा स्वास्थ्य क्षेत्रमा सेवा करार गरिएका प्राविधिक जनशक्ति स्वास्थ्यकर्मी यसै कार्यविधि बमोजिम करार भएको मानिनेछ ।

अनुसूची -१
(बुँदा ४.१ सँग सम्बन्धित कार्य विवरणको ढाँचा)
सुखीपुर कार्यपालिकको कार्यालय
सुखीपुर सिरहा
मधेश प्रदेश नेपाल

कार्य विवरणको नमुना:
प्राविधिक कर्मचारीको पद नाम: काम गर्नुपर्ने स्थान:
प्राविधिक कर्मचारीको नाम:
सुपरिवेक्षक: प्रतिवेदन पेश गर्नुपर्ने अधिकारी:
कार्य विवरण:
१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.



अनुसूची -२
(बुँदा ४.१ सँग सम्बन्धित आवेदनको ढाँचा)
सुखीपुर नगर कार्यपालिकाको कार्यालय
सुखीपुर ,सिरहा
मधेस प्रदेश नेपाल

करारमा सेवा लिने सम्बन्धी सूचना
(सुचना प्रकाशित मिति : २०८१ / / )

सुखीपुर नगरपालिका नगर अस्पतालमा रहने गरी ................(पद) को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट www.sukhipurmun.gov.npबाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| | |
| | |

२. शैक्षिक योग्यता र अनुभव
१. नेपाली नागरिक ।
२. सम्बन्धित पदको न्यूनतम योग्यता
३. अधिकृत स्तरको पदमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको (दरखास्त दिने अन्तिम मिति सम्म)
४. सहायक स्तरको पदमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
५. मेडिकल वा अन्य काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।
६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
३. दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

अनुसूची-३

(बुँदा ४.२ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

सुखीपुर नगर कार्यपालिकाको कार्यालय

सुखीपुर ,सिरहा

मधेश प्रदेश नेपाल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले

करारको लागि दरखास्त फाराम

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं: | जारी गर्ने जिल्ला : | | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : | | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| आवश्यक न्यूनतम योग्यता | | | | | |
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |



मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति: |

| | | |
|---|---|---|
| कार्यालयले भर्ने: | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत:<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

अनुसूची - ४

(बुँदा ७.१ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

करार सम्झौता

.........गाउँ/नगर कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ....................जिल्ला, ..................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ........................................................ (यसपछि दोश्रो पक्ष भनिएको) का बीच सुखीपुर नगरपालिकाको नगर अस्पतालमा/स्वास्थ्य संस्थामा

.......................................को कामकाज गर्न गराउन मिति २०८/......./......
को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नुपर्ने स्थान :.........................................................।

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक : प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ..................(अक्षरेपी रु. ..........................................................पारिश्रमिक उपलब्ध गराउनेछ।

४. आचरणको पालना: दोश्रो पक्षले ...गाउँपालिका/नगरपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदा: दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षा: दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यता: दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधि: यो करार २०८ ... ।........।..........देखि लागु भई २०८ .....असार मसान्त सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकन: पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य: दोश्रो पक्षले पहिलो पक्षलाई लगातार७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो संझौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्द गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।



११. दाबी नपुग्ने: दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुने: यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| नगरपालिकाको तर्फबाट : | दोस्रोपक्ष (करार गर्ने व्यक्ति): |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छाप: | |

अनुसूची -५

बुँदा ११ (३)सँग सम्बन्धित करार सूचना पत्रको ढाँचा)

सुखीपुर नगर कार्यपालिकको कार्यालय

सुखीपुर सिरहा

मधेश प्रदेश नेपाल

च.नं.

प.सं. मिति: ..........................

श्री ....................................,

ठेगाना .........................

विषय: करार सम्बन्धमा ।

तपाईलाई मिति २०८ ...।....।... निर्णयानुसार सूचिकरण गरिए बमोजिम ..........................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०८ ....।....।... देखि २०८ ....।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारी पूर्वक र व्यवसायिक मूल्य मान्यता

अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।
साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँपालिका/नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

............................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री आर्थिक प्रशासन शाखाःप्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनु हुन ।
श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था र कामकाजमा खटाउनु हुन ।
श्री स्वास्थ्य शाखा, नगर अस्पताल, स्वास्थ्य चौकी ..........सुखीपुर नगर कार्यपालिकाको कार्यालय ।

आज्ञाले
महेश कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत